नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-५३ दायर मितिः-२०८१/०४/२९**

**फैसला मितिः-२०८१/०५/१७**

**वादी**

**अनिता देवीको जाहेरीले**

**नेपाल सरकार.........................१**

**प्रतिवादी**

**जिल्ला पर्सा कालिकामाई.गा.पा.वडा नं ५ बिरन्चीवर्वा बस्ने देवलाल महराको छोरा वर्ष ३८ को महिन्दर महरा चमार.........१**

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले जाहेरवाली समेतलाई गाली गलौज तथा हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।

२. प्रतिवादीले जाहेरवाली समेतलाई गाली गलौज तथा हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

३. मैले जाहेरवाली समेतलाई गाली गलौज तथा हातपात समेत गरी अभद्र व्यवहार गरेकोगरेको छैन भन्ने प्रतिवादीको बयान कागज।

४. जाहेरवाली समेतलाई गाली गलौज तथा हातपात समेत गरी अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका दरोगा महरा समेतको घटनाविवरण कागज।

५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।

६. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको ईन्कारी बयान ।

७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा प्रतिवादी महिन्दर महरा चमारले मैले जाहेरवाली र निजका छोराछोरीलाई कुटपिट गरेको छैन भनि ईन्कारी बयान गरेता पनि मिति २०८१।०३।२५ गते साँझ अं. १९;०० बजेको समयमा विपक्षीहरुले लगेको ट्याकटरले मैले भरेको माटो कुल्ची खाल्टो र हिलो पारेको हुँदा नयाँ माटो भरेको ठाँउमा ट्याक्टर नल्याउनुस भनी अनुरोध गर्दा निज विपक्षीले मेरो घर आँगनमा आई म उपर अश्लिल शब्द प्रयोग गरेको हुँदा मैले सम्झाई बुझाई गर्दा निज विपक्षीले झन आवेशमा आई मलाई अन्धधुन्द कुटपिट गरी मेरो कपाल समाती लछार पछार गरेको, मेरो नाबालक छोरा र छोरी नजिक आउदा समेत मेरो बच्चाहरुलाई उचाली फाली भुईमा लडाई कुटपिट गरी घाईते बनाई दिएको र सार्वजनिक स्थानमा विभिन्न किसिमका अश्लिल शब्दहरु प्रयोग गरी गाली गलौज, कुटपिट गरी अभद्र व्यवहार गरेकोले भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी महिन्दर महरा चमारलाई कैद दिन १२, जरिवाना रु.५०००/- अक्षरेपी पाँच हजार मात्र र क्षतिपूर्ती शुल्क रु.२००/- ठहर्छ। साथै ऐ. संहिताको दफा १२७ को हकमा जाहेरबालीको उपचार खर्च बिल भौचर पेश हुन नआएको हुँदा यसमा केही गरी रहनु परेन । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी महिन्दर महरा चमारलाई ठहरेको कैद दिन १२ को हकमा निज मिति २०८१/०४/१७ देखि २०८१/०४/२८ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा र.नं.३७/२०८१/०४/२९ बाट दाखिला गरेको धरौटी रकम रु.५२००/- बाट जरिवाना रकम रु.५०००/- र क्षतिपूर्ती शुल्क रु.२००/- कट्टी गर्नु ------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु--------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

**दिनेश सागर भुसाल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ भाद्र महिना १७ गते सोमवार रोज २/ ने.सं. ११४४ गुंलागा आमै, शुभम् ........